Regd. No. 38467/062/063
PAN: 302087624

# Ngadi Group Power Ltd.
## ङादी ग्रुप पावर लि.

च.नं. १९-२०८०/०८१

मिति : २०८०/०५/०८

१. श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

२. श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएन आई, शान्ती मार्ग, भद्रकाली प्लाजा, काठमाडौं ।

**बिषय : जानकारी गराएको सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस ङादी ग्रुप पावर लि. ले विद्युत नियमन आयोगमा १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निष्काशनका लागि स्विकृती माग गरी निवेदन पेश गरेकोमा मिति २०८०/०५/०८,च.नं.७५-२०८०/०८१ को आयोगको पत्र अनुसार कम्पनीको चुक्ता पुँजी रु.१,८५,१२,७९,२२२।५०/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न सहमति प्रदान गरिएको भन्ने पत्र कम्पनीमा प्राप्त भएकोले सो पत्रको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**संलग्न कागजात**

१. विद्युत नियमन आयोगको पत्रको फोटोकपी

भवदीय,

डा. भोगेन्द्र कुमार गुरागाई

अध्यक्ष

# विद्युत नियमन आयोग
(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

प.सं.०८०।०८१
च.नं. ७५

मिति:२०८०।०५।८

श्री झादी ग्रुप पावर लिमिटेड
अनामनगर, काठमाण्डौं ।

**विषय : हकप्रद शेयरको सार्वजनिक निष्काशनको स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा ४.९५ मे.वा. क्षमताको सिउरीखोला जलविद्युत आयोजनाको प्रवर्द्धक श्री झादी ग्रुप पावर लिमिटेडले हकप्रद शेयर निष्काशनका लागि मिति २०८०।०४।२२ मा पेश गरेको निवेदन बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रु. १,८५,१२,७९,२२२।५० को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्न विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तपशिलका शर्तहरु पालना गर्ने गरी स्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८०।०५।०७ को २०३ औं बैठकको निर्णयानुसार अनुरोध छ ।

**शर्तहरु:**

१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।
२. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।
३. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।
४. तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।
५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

(गोकर्ण राज पन्थ)
सचिव

**बोधार्थ:**
श्री नेपाल धितोपत्र बोर्ड ।

**विद्युत नियमन आयोग**
सानो गौचरण, काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np । वेबसाइट: www.erc.gov.np
फोन नं: +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० । फ्याक्स: +९७७-१-४४३२५८२